# इफ्ला / युनेस्को विद्यालय पुस्तकालय घोषणापत्र

## सबैकालागि अध्ययन र अध्यापन गर्ने विद्यालय पुस्तकालय

आजको सूचना तथा ज्ञानप्रदत्त समाजलाई सफलतापूर्वक सञ्चालन गर्न विद्यालय पुस्तकालयले आधारभूत सूचना तथा विचारहरु प्रवाह गर्दछ । विद्यार्थीहरुलाई जिम्मेवार नागरिकको रुपमा सक्षम तुल्याउन विद्यालय पुस्तकालयले उनीहरुमा आजीवन सीप आर्जन गराई कल्पना शक्तिको विकास गर्दछ ।

### विद्यालय पुस्तकालयको उद्देश्य

विद्यालय समुदायका सम्पूर्ण सदस्यहरुलाई सबै किसिमको सूचना तथा सञ्चारको समालोचक र प्रभावकारी प्रयोग-कर्ता बनाउन सक्षम तुल्याउने अध्ययन सेवा, पुस्तक र श्रोतहरु विद्यालय पुस्तकालयले उपलब्ध गराउँदछ । युनेस्को (UNESCO) सार्वजनिक पुस्तकालय घोषणापत्रको सिद्धान्त अनुसार विद्यालय पुस्तकालयहरुले पुस्तकालय र सूचना सञ्जालसँग व्यापक समन्वय राख्दछन् ।

पुस्तकालय कर्मचारीहरुले दुवै स्थानीय तथा सुदूरमा अवस्थित दन्त्य कथादेखि वृत्तचित्र, छापादेखि विद्युतीय सञ्चार लगायत पुस्तक र अन्य सूचना श्रोतहरुको उपयोग गर्न टेवा पुऱ्याउँदछन् । यी सामाग्रीहरुले पाठ्यपुस्तक, शैक्षिक सामाग्री र पद्धतिहरुलाई परिपूर्ण पार्दछन् ।

यो देखिएकोछ कि जब पुस्तकालय परिचारिक र शिक्षकहरु मिलेर कार्य गर्दछन् विद्यार्थीहरुले उच्च स्तरीय साक्षरता, पठन, अध्ययन, समस्या समाधान र सूचना तथा सञ्चार प्रविधि जस्ता ज्ञान हासिल गर्दछन् ।

विद्यालय पुस्तकालय सेवाहरु समान रुपमा उमेर, जाती, लिङ्ग, धर्म, राष्ट्रियता, भाषा, व्यवसाय वा सामाजिक स्तरको भेदभाव नगरी विद्यालय समुदायका सम्पूर्ण सदस्यहरुलाई उपलब्ध गराउनु पर्दछ । पुस्तकालय सेवा र साधनहरुलाई मूलधारको रुपमा उपयोग गर्न असमर्थ हुनेहरुका लागि विशिष्ट सेवा र सामाग्रीहरु उपलब्ध गराउनु अनिवार्य छ ।

मानव अधिकार तथा स्तवन्त्रताको संयुक्त राष्ट्र विश्वयापी घोषणा (United Nations Universal Declaration of Human Rights and Freedoms) को आधारमा सेवा र संकलनहरु उपलब्ध हुनु पर्दछ र यी कुनै पनि सैद्धान्तिक, राजनैनिक वा धार्मिक अंकुश, अथवा आर्थिक दवाबको अधिनमा रहनु हुँदैन ।

## कोष, कानून र सञ्जाल

विद्यालय पुस्तकालय साक्षरता, शिक्षा, सूचना प्रावधान र आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासको हरेक दिगो रणनीतिका निमित्त अनिवार्य छ । विशिष्ट कानून र नीतिद्वारा स्थानीय, क्षेत्रीय र राष्ट्रिय अधिकारीहरुको जिम्मेवारीलाई टेवा पुऱ्याउनु अनिवार्य छ । विद्यालय पुस्तकालयहरुसँग तालिम प्राप्त कर्मचारी, सामाग्री, प्रविधि र सुविधाहरुकालागि पर्याप्त र दिगो कोष हुनु जरुरी छ । यी निःशुल्क हुनु अनिवार्य छ ।

विद्यालय पुस्तकालय स्थानीय, क्षेत्रीय र राष्ट्रिय पुस्तकालय तथा सूचना सञ्जालको आवश्यक साझेदार हो ।

जहाँ विद्यालय पुस्तकालयले अन्य प्रकारका पुस्तकालय जस्तै: सार्वजनिक पुस्तकालयसँग सुविधाहरु र/वा श्रोतहरु आदान-प्रदान गर्दछ त्यहाँ विद्यालय पुस्तकालयका अद्वितीय उद्देश्यहरु मनन गरी कायम गर्नु अनिवार्य हुन्छ ।

## विद्यालय पुस्तकालयका लक्ष्यहरु

विद्यालय पुस्तकालय शैक्षिक प्रक्रियामा अन्तर्निहित छ । साक्षरता, सूचना साक्षरता, अध्यापन, अध्ययन तथा संस्कृति विकासकोलागि देहायका बुँदाहरु आवश्यक छन् र ती विद्यालय पुस्तकालय सेवाका अन्तर्भाग हुन् ।

- विद्यालयको उद्देश्य तथा पाठ्यक्रममा उल्लेखित शैक्षिक लक्ष्यलाई टेवा दिने र विस्तार गर्ने ।
- बालबालिकाहरुमा पढ्न तथा अध्ययन गर्न रमाउने बानी र उनीहरुमा आजीवन पुस्तकालय सदुपयोगको दिगो विकास गर्ने ।

- ज्ञान, समझदारी, कल्पना र आनन्दकालागि सूचना बटुल्ने र उपयोग गर्ने अनुभवका अवसरहरु प्रदान गर्ने ।
- सम्पूर्ण विद्यार्थीहरुलाई समुदायभित्र सञ्चार प्रणालीको ग्रहण-क्षमता सहित रुप, आकृति वा माध्यमको भेदभाव नगरी सूचनाको मूल्याङ्कन र सदुपयोगकालागि सीप आर्जन र अभ्यास गर्न टेवा पुऱ्याउने ।
- अध्ययन कर्ताहरुलाई विभिन्न उपाय, अनुभव र विचारहरु प्रस्फुटन गराउन स्थानीय, क्षेत्रीय, राष्ट्रिय र विश्वव्यापी श्रोत र अवसरहरुको वातावरण सृजना गर्ने ।
- साँस्कृतिक तथा सामाजिक चेतना र ग्रहण-क्षमताको प्रोत्साहन पुऱ्याउने कार्यक्रमहरु आयोजना गर्ने ।
- विद्यालयको उद्देश्य प्राप्त गर्न विद्यार्थी, शिक्षक, प्रशासक र आमा-बाबुहरुसँग सहकार्य गर्ने ।
- प्रभावकारी तथा जिम्मेवार नागरिक र प्रजातन्त्रमा सहभागिताकालागि बौद्धिक स्वतन्त्रता तथा सूचनाका अवसर आवश्यक छन् भन्ने धारणा घोषणा गर्ने ।
- विद्यालय पुस्तकालयका पठन र श्रोत तथा सेवाहरु सम्पूर्ण विद्यालय समुदाय र अन्यत्र विस्तार गर्ने ।

विद्यालय पुस्तकालयले नीति तथा सेवाहरुको विकास, श्रोतहरुको छनौट तथा प्राप्ति सूचनाका उपयुक्त श्रोतहरुकालागि शारीरिक तथा बौद्धिक अवसर, प्रशिक्षणात्मक सुविधाहरु प्रदान गरेर र तालिम प्राप्त कर्मचारीहरुलाई रोजगार दिएर यी कार्यहरु पूरा गर्दछ ।

## कर्मचारी

विद्यालय पुस्तकालय परिचारिक पेशागत रुपले त्यस्तो योग्य कर्मचारी सदस्य हो जसले हरसम्भव पर्याप्त कर्मचारीद्वारा सहयोग लिई जिम्मेवारीका साथ विद्यालय पुस्तकालयको योजना बनाउने र व्यवस्थापन गर्ने, विद्यालय समुदायका सम्पूर्ण सदस्यहरुसित सहकार्य गर्ने र सार्वजनिक पुस्तकालय तथा अन्यसँग समन्वय राख्ने गर्दछ ।

विद्यालय पुस्तकालय परिचारिकहरुको भूमिका राष्ट्रिय कानून र आर्थिक दायराभित्र रहेर विद्यालयहरुको बजेट, पाठ्यक्रम र शिक्षण पद्धति अनुसार भिन्न हुने गर्दछ। विशिष्ट संदर्भमा यदि विद्यालय पुस्तकालय परिचारिकहरुले प्रभावकारी विद्यालय पुस्तकालय सेवाहरु श्रोत, पुस्तकालय र सूचना व्यवस्थापन तथा अध्यापन विकास र सञ्चालन गरेमा त्यहाँ भएका ज्ञानका साधारण क्षेत्रहरु सशक्त हुन सक्छन् ।

द्रुत गतिमा बढी रहेको सञ्जालीय वातावरणमा विद्यालय पुस्तकालय परिचारिकहरुले दुवै शिक्षक तथा विद्यार्थीहरुलाई विभिन्न सूचना-नियन्त्रण सीपहरुको योजना बनाई शिक्षण गर्न सक्षम हुनु पर्दछ। त्यसकारण उनीहरुले आफ्नो व्यावसायिक तालिम र विकासलाई जारी राख्नु पर्दछ।

## सञ्चालन र व्यवस्थापन

प्रभावकारी र उत्तरदायित्व सञ्चालन सुनिश्चित गर्न:

- विद्यालय पाठ्यक्रमको उद्देश्य, प्राथमिकता र सेवाहरु परिभाषित गर्न विद्यालय पुस्तकालय सेवा सम्बन्धी नीति कार्यान्वयन गर्नु अनिवार्य छ।
- विद्यालय पुस्तकालय व्यावसायिक स्तर अनुसार संगठित र व्यवस्थित राख्नु अनिवार्य छ।
- विद्यालय पुस्तकालयका सम्पूर्ण सदस्यहरुलाई सेवाहरु उपलब्ध गराउनु अनिवार्य छ र स्थानीय समुदायको हितलाई ध्यानमा राखेर सञ्चालन हुनु पर्दछ।
- शिक्षक, वरिष्ठ विद्यालय व्यवस्थापन, प्रशासक, आमा-बाबु, अन्य पुस्तकालय परिचारिक तथा सूचना व्यवसायी र सामुदायिक समूहहरुसँग सहयोगकालागि प्रोत्साहन दिनु अनिवार्य छ।

## घोषणापत्रको कार्यान्वयन

सरकारहरुलाई शिक्षाकालागि जिम्मेवार मन्त्रालय मार्फत त्यस्ता रणनीति, नीति तथा योजनाहरु बनाउन आग्रह गरिन्छ जसले यस घोषणापत्रको सिद्धान्तहरु कार्यान्वयन गर्दछन्। पुस्तकालय परिचारिक र शिक्षकहरुकालागि प्रारम्भिक तथा निरन्तर तालिम कार्यक्रमहरु सम्बन्धि घोषणापत्रको प्रचार-प्रसार योजनाहरुमा समावेश हुनु पर्दछ।